Accredited (QAA) by UGC-Nepal

काठमाडौं स्कुल अफ ल
पूर्वाञ्चल विश्वविद्यालय, नेपाल

च.नं.　　　　　　　　　　　　　　　　　　　　　　　　　　मिति : २०८२/०८/२८

# कानुनअन्वीक्षा

समकक्षी समीक्षित शोधपत्रिका

## वर्ष २ अङ्क १ का लागि लेखआह्वान

**परिचय**

कानुन र समाजविज्ञानका फाँटको शैक्षिक तथा प्राज्ञिक उन्नयनका लागि काठमाडौं स्कुल अफ लले शोधपत्रकाका रूपमा कानुनअन्वीक्षा प्रकाशित गर्छ। कानुन र समाजविज्ञानका विभिन्न विधा गरिएका अनुसन्धान (रिसर्च) कार्य र अध्ययन (स्टडी) का आधारमा तयार पारिएका शोधलेख वा विश्लेषणात्मक लेख यसमा प्रकाशन गरिन्छ। काठमाडौं स्कुल अफ ल प्रकाशन विभागले यसको वर्ष २ अङ्क १ का लागि निम्नानुसारक्षेत्रका शोधलेखहरू समावेश गरी प्रकाशन गर्ने योजना बनाएकाले देहायका विषयक्षेत्रका शोधलेखहरू २०८२ साल माघ मसान्तभित्र उपलब्ध गराउन यस क्षेत्रका अनुसन्धाता, प्राज्ञ, विज्ञसहित लेखकहरूलाई प्रकाशन विभाग आह्वान गर्दछ। यसको आगामी अङ्कको प्रकाशन लागि निम्नानुसारको कार्ययोजना तर्जुमा गरिएको छः

(१) समेटिने लेखहरू (क) निम्न विषयक्षेत्रका अनुभवाश्रित शोधलेख (पाँच हजार शब्दमा नघटाई)

- मानवअधिकार
- फौजदारी न्याय/कानुन
- देवानी न्याय/कानुन
- वाणिज्य न्याय/कानुन
- संवेधानिक कानुन

(ख) विश्लेषणात्मक/समीक्षात्मक लेख (तीन हजार शब्दमा नघटाई)

- कानुनी सन्दर्भ जोडिएका समाजविज्ञानअन्तर्गतका विधागत विषयका निदर्शनात्मक (डक्ट्रिनल) विधि प्रयोग गरी लेखिएका अध्ययनमूलक लेख
- विभिन्न विषयमा सर्वोच्च अदालतबाट भएका व्याख्या र निर्णयको निदर्शनात्मक विश्लेषण गरिएका लेख।

(२) प्रकाशन गरिने लेखको न्यूनतम प्रतिमान (नर्म्स)

१. अनुसन्धान/अध्ययनमूलक लेख (रिसर्च आर्टिकल) को शीर्षकमा शोधसमस्या/प्रश्नहरू र प्राप्तान्त (फाइन्डिङ) को अन्तरसम्बन्ध देखिने गरी स्वनिर्भर (इन्डिपेन्डेन्ट)/निर्भर (डिपेन्डेन्ट) चरहरूको सम्बन्ध प्रतिविम्बित रहेको हुनुपर्छ।

२. लेख कम्तीमा औसत पाँच परिच्छेदमा विभाजित र शीर्षक तथा उपशीर्षकहरू राखेर लेखिएको हुनुपर्छ। पहिलो परिच्छेदमा परिचय, विधि र अवधारणात्मक स्पष्टता खुलाइएको हुनुपर्छ। दोस्रोदेखि

चौथो  परिच्छेदमा विषयवस्तुको प्रस्तुति र विश्लेषण /समीक्षा/विवेचना गरिएको हुनुपर्छ। अन्तिम परिच्छेदमा प्राप्तान्त/प्रतिपादन तथा निष्कर्ष रहेको हुनुपर्छ।

३. कानुन तथा फैसलाको समीक्षा/समालोचनात्मक लेख निदर्शनात्मक अध्ययन (डक्ट्रिनल स्टडी) मा आधारित लेखनशैली अवलम्बन गरिएको हुनुपर्छ।

४. लेख मौलिक हुनुपर्छ र लेखकको लेखाइ र अन्य स्रोतबाट लिइएको वा साधिएको सामग्री स्पष्ट छुट्टिने गरी उद्धरणसम्बन्धी नियम

५. को पूर्ण पालना गरी लेखिएको हुनुपर्छ ।

६. लेखमा उद्धरण र सन्दर्भ-अङ्कन (साइटेसन) नियमपूर्वक गरिनुपर्छ। यसमा मूलभूत रूपमा निम्न नियम अवलम्बन गर्नुपर्नेछ ।

क. लेख नेपाली भाषा र देवनागरी लिपिमा लेखिएको हुनुपर्नेछ ।

ख. नेपाली भाषाबाहेक अन्य भाषामा गैरदेवनागरी लिपिमा लेखिएका कुनै विशेष शब्द, सूक्ति वा वाक्यांश सन्दर्भवश पाठमा राख्नुपर्ने भएमा तिनलाई देवनागरीमा लिप्यान्तर गरी कोष्टकभित्र राख्न सकिनेछ ।

ग. नेपाली भाषाबाहेक अन्य भाषाबाट अनुवाद गरिएका सामग्रीभित्र पनि त्यस्ता शब्द, सूक्ति वा वाक्यांश सन्दर्भवश पाठमा राख्नुपर्ने भएमा तिनलाई देवनागरीमा लिप्यान्तर गरेर नै राख्नुपर्नेछ।

घ. स्रोत उल्लेख गर्ने क्रममा पादटिप्पणी दिइने सन्दर्भहरू भने नेपाली सामग्रीको नेपालीमै र अङ्ग्रेजी भाषाको भए रोमन लिपिमा राख्नुपर्नेछ ।

ङ. उद्धरण गर्दा उद्दृतांशलाई दोहोरो "" चिह्नभित्र राख्ने अलग्गै अनुच्छेदमा राख्ने वा कथनान्तरण गरी लेख्नेबारेका सर्वमान्य नियमको पालना गर्नुपर्ने छ । लेखन तथा उद्धरणका लागि केएसएल कम्प्रिहेन्सिभ स्टाइल टु लिगल साइटेसनले निर्देश गरेका ढाँचा र नियमको अवलम्बन गर्नुपर्नेछ।

७. लेखको शीर्षकको अक्षरटाँचा नेपाली युनिकोड फोन्टको २० पोइन्टका र पाठमा अक्षरटाँचा १२ पोइन्टका हुनुपर्नेछ र पङ्तिअवान्तर (लाइन स्पेस) १.२५ को राखिनुपर्नेछ। अनुच्छेदान्तर ६/६ पोइन्टको हुनुपर्छ।

८. प्राप्त लेखको विज्ञद्वारा समीक्षा भई प्राप्त भएका सुझाब तथा प्रतिपोषण लेखकलाई उपलब्ध गराइनेछ। लेखकले सुझाइएअनुसार लेखमा आवश्यक परिमार्जन गरी पुनः उपलब्ध गराएपछि आवश्यक सम्पादनपछि मात्र लेख प्रकाशनयोग्य मानिनेछ।

९. कुनै पनि लेख पत्रिकामा छापिन योग्य रहेको नरहेको वा अनुसन्धानलेखका लागि चाहिने सर्तावस्था पूरा भए नभएको मूल्याङ्कन गर्ने र प्रकाशनमा सामेल गर्ने नगर्ने पूर्णाधिकार प्रकाशन विभागमा रहेको छ।

१०. लेख प्रकाशन भएका लेखकलाई शोधपत्रिका प्रकाशन भएपछि लेखकप्रति उपलब्ध गराइनेछ।

**-कानुनअन्वीक्षा, काठमाडौं स्कुल अफ ल**

स्था:२०५६
भक्तपुर